# भूमिसुधार तथा व्यवस्थापन विभागबाट

# जारी भएको "भोगाधिकार दिएको जग्गा लिजमा परिणत गर्ने" सम्बन्धि

# अत्यन्त जरुरी सूचना

सरकारी जग्गाको भोगाधिकार उपलब्ध गराउने सम्बन्धि कार्यनीति २०६२ खारेज भई "सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धि कार्यनीति,२०७१" मा दोश्रो संसोधन (२०७२) भै लागु भइसकेको छ । भोगाधिकारमा पाउने व्यक्ति,संस्था वा निकायले भोगाधिकार प्राप्त गरेको जग्गा लिजमा परिणत गर्नुपर्ने कानूनी व्यवस्था उक्त कार्यनीतिको दफा २१ मा रहेको छ । यसरी लिजमा परिणत गर्न, लिजमा लिनुपर्ने प्रयोजन र लिज अवधि खुलाई भोगाधिकारको सक्कलै प्रमाण पत्र, प्रत्येक वर्ष नवीकरण गरी दस्तुर बुझाएको रसिद तथा सम्बन्धित गा.वि.स./न.पा. बाट भोगाधिकारको जग्गा उद्देश्य अनुरुप प्रयोग गरेको सिफारिश समेत राखी यो सूचना प्रकाशित भएको मितिले ६ महिनाभित्र सम्बन्धित मालपोत कार्यालयमा निवेदन दिनुहोला । तोकिएको म्यादभित्र लिजमा परिणत गर्न निवेदन नदिएमा सो म्याद समाप्त भएपछि त्यस्तो भोगाधिकार स्वतः समाप्त हुनेछ । यस सम्बन्धि थप जानकारीका लागि सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धि कार्यनीति, २०७१ (दोश्रो संसोधन सहितको) हेर्नुहुन वा सम्बन्धित मालपोत कार्यालयमा सम्पर्क गर्न हुन वा www.dolrm.gov.np वा www.molrm.gov.np मा हेर्नहुनसमेत सम्बन्धित सबैको जानकारीका लागि यसै सूचनामार्फत अनुरोध गरिएको छ ।

**भूमिसुधार तथा व्यवस्थापन विभाग**

**बबरमहल काठमाण्डौ**